## मिति २०७९/०८/१९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १ :**

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, '२०७९' बाट नेपालगंज उप-महानगरपालिका क्षेत्रले समेटेका निर्वाचित प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरुलाई स्वागत तथा बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. ४ मा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालनका लागि शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना तथा संचालन निर्देशिका '२०७४' बमोजिमको दरबन्दिमा करारमा मेडिकल अधिकृत (आठौं) १ (एक) जना, जनस्वास्थ्य अधिकृत (सातौं) १ (एक) र ल्याव टेक्निसियन (पाँचौं) १ (एक) जना पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नेपालगंज उप-महानगरपालिका क्षेत्रमा छाडा पशु चौपाया ठुलो समस्याको रुपमा रहेको र नगर क्षेत्रभित्र मात्र छाडा पशु चौपायाहरुको व्यवस्थापन हुन सक्ने नदेखिएकाले अन्य छिमेकी पालिकाहरुसँग आवश्यक समन्वय गरी कान्जी हाउस व्यवस्थापन समेतका लागि अध्ययन गर्न देहायको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १) नगर प्रमुख श्री प्रशान्त विष्ट | - संयोजक |
| २) वडा अध्यक्ष वडा नं. ४ श्री गोपाल पुन | - सदस्य |
| ३) वडा अध्यक्ष वडा नं. ९ श्री गोविन्द रेग्मी | - सदस्य |
| ४) वडा अध्यक्ष वडा नं. १२ श्री तरुण बज्राचार्य | - सदस्य |
| ५) कार्यपालिका सदस्य श्री बसन्त कनोजिया | - सदस्य |
| ६) कार्यपालिका सदस्य श्री बिक्रम चिडिमार | - सदस्य |
| ७) प्र.प्र.अ. वा निजले तोकेको अधिकृत कर्मचारी | - सदस्य-सचिव |

**निर्णय नं. ४ :**

नेपालगंज उपमहानगरपालिका वडा नं. १३ स्थित उदयपुर स्वास्थ्य चौकीको स्वामित्वमा रहेको कि.नं. १९९ को ४०६३ वर्ग मिटर क्षेत्रफल भएको जग्गाबाट ३ (तीन) कट्ठा जमिन खानेपानी तथा ढल निकास विभाग बाट निर्माण हुने बहुउद्देश्यीय भवन निर्माण गर्नका लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।



CamScanner

# मिति २०७९/०८/१९ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ५ :**

प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेशको सहयोगमा तयार भएको नेपालगंज उप-महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहिकरण नीति, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

नेपालगंज उप-महानगरपालिका वडा नं. १५ को मदरसा मिसबाहिया चिश्तियाको भवन निर्माणका लागि वडा कार्यालयको सिफारिस अनुसार नक्सापास दस्तुर छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नेपाल नगरपालिका संघको मिति २०७९/०८/१८ को पत्र बमोजिम यस नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत लाई भारतको हैदराबाद र भुवनेश्वरमा आयोजना हुने अध्ययन भ्रमणमा मनोनयन भईआएकोले सो कार्यक्रममा भाग लिनका लागि पत्रमा माग भए बमोजिम स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

मिति २०७९/०६/२५ का दिन नेपालगंज उप-महानगरपालिको सरसफाई गर्ने ट्याक्टरको ठक्करबाट घाईते भएका तारा प्रकाश डि.सी. को उपचार खर्च वापत रु ५४,७६२।- (चौपन्न हजार सात सय वैसट्ठी रुपैया मात्र) माग भई आएकोमा विल बमोजिमको रु ५४,७६२।- (चौपन्न हजार सात सय वैसट्ठी रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस उप-महानगरपालिको स्विकृत दरवन्दी अनुसार रिक्त रहेको तपशिल बमोजिमको पदहरुमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोग लुम्बिनीबाट माग गर्ने निर्णय गरियो ।

| सि.नं. | पद | सेवा/समुह | तह | संख्या |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | अधिकृत सातौ | १ (एक) |
| २ | प्रशासन अधिकृत | सामान्य प्रशासन | अधिकृत छैठौ | १० (दश) |
| ३ | कृषि विकास अधिकृत | कृषि, कृषि प्रसार | अधिकृत छैठौ | १ (एक) |
| ४ | पशु विकास अधिकृत | कृषि, पशु विकास | अधिकृत छैठौ | १ (एक) |
| ५ | लेखापाल | सा.प्र./लेखा | सहायक स्तर पाँचौ | १० (दश) |
| ६ | प्रशासन सहायक | सामान्य प्रशासन | सहायक स्तर पाँचौ | ५ (पाँच) |
| ७ | प्रशासन सहायक | सामान्य प्रशासन | सहायक स्तर चौथो | ३ (तीन) |



CamScanner